नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वा.से.वि., म.क्षे.स्वा. निर्देशनालय

# भरतपुर अस्पताल, चितवन

## वोलपत्र पत्र आब्हान सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७४।०४।२५)**

यस अस्पतालको हाता भित्र भवन निर्माण गरि ५ वर्षको लागि फाष्टफुड रेष्टुरेण्ट तथा प्रोभिजनल स्टोर्स संचालन गर्न भाडा वढावढ गरि दिनु पर्ने भएकोले तपशिल वमोजिमको शर्तमा रहि यस अस्पतालको वेभ साईड www.bharatpurhospital.gov.np को eProcurement System मार्फत पेश गर्नु हुन वा लेखा शाखामा वोलपत्र पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१) वोलपत्र फाराम रु ३०००।- मात्र यस भरतपुर अस्पताल विकास समितिको राष्ट्रिय वाणिज्य वैंक भरतपुरमा रहेको च.हि.नं. १३१००००९६७ मा सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र जम्मा गरी १६ औं दिनको १२ वजे भित्र यस अस्पतालको वेभ साईड www.bharatpurhospital.gov.np को eProcurement System मार्फत पेश गर्न वा लेखा शाखामा पेश गर्नु पर्ने छ ।

२) यस कार्य गर्न वा वोलपत्रमा समावेश हुनको लागि नेपाली नागरिक तथा सम्बन्धित कार्य गर्न ईजाजत प्राप्त फर्म तथा ब्यवसायीहरुले मात्र पाउनेछ । तर व्यत्तिको हकमा वोलपत्रमा सहभागी हुन पाएता पनि भवन निर्माण कार्य सम्पन्न भई फाष्टफुड तथा प्रोभिजनल स्टोर्स संचालन गर्न सम्बन्धित संस्थामा दर्ता भएको ईजाजत प्राप्त प्रमाणपत्र पेश गर्नु पर्ने छ ।।

३) वोलपत्र पेश गर्दा वोलपत्र जमानत रकम आफुँले कवोल गरेको वार्षिक (५ वर्षको) रकमको ३ प्रतिशतले हुन आउने रकम को.ले.नि.का.चितवनको खाता नं. १३१०२०३००००००० मा नगद जम्मा गर्न हुन वा क वर्गको ईजाजत प्राप्त वैकं वाट कम्तिमा १२० दिन म्याद भएको वैक जमानत पेश गर्नु पर्ने छ ।

४) फाष्टफुड रेष्टुरेण्ट तथा प्रोभिजनल स्टोर्स संचालन गर्न यस अस्पतालक कम्पाउण्ड भित्र रहेको रेडकस भवनको पश्चिम तर्फ उत्तर मोहडा फर्कने गरी ४० फिट×६० फिट क्षेत्रफलमा भवन निर्माण गरि संचालन गर्नु पर्ने छ ।

५) फाष्टफुड रेष्टुरेण्ट तथा प्रोभिजनल स्टोर्स संचालनको लागि आवश्यक पर्ने भवन निर्माण, विजुली, पानी को महशुल , फोहोर ब्यवस्थापन तथा सम्पुर्ण कार्य वोलपत्र दाता स्वंयमले गर्नु पर्ने छ ।

६) फाष्टफुड रेष्टुरेण्ट तथा प्रोभिजनल स्टोर्समा विक्रिको लागि राखिने सम्पुर्ण सामान, खाजा, खाद्य पदार्थ र पेय पदार्थहरु यस अस्पतालको सहमतीमा दररेट तोकि मात्र विक्रिको लागि राखीने छ ।

७) वोलपत्रदाताले अस्पतालको ल.ई. ईन्जिनियरिङ नक्सा वमोजिम भवन निर्माण गर्नु पर्नेछ । साथै अस्पतालका कर्मचारीहरुको लागि छुट्टै कोठाको(क्यान्टिन) को ब्यवस्था गरी विरामीमैत्रि वातावरण तयार गर्नु पर्ने छ ।

८) अस्पतालको गुरुयोजना अनुसार नयाँ संरचना निर्माण गर्दा उक्त भवन भत्काउनु पर्ने भएमा कम्तिमा ३ महिनाको अग्रिम जानकारी दिई हटाउन सकिने छ । र सो को क्षतिपुर्ति रकम वहालवाला मे.सु.को अध्यक्षतामा मुल्यांकन समिति वनाई मुल्यांकन समितिले सिफारिस गरे वमोजिम उपलव्ध गराईने छ ।

९) यस संग सम्बन्धित अन्य कुराहरु सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार हुने छ ।

Medical Superintendent

# नेपाल सरकार
## स्वास्थ्य मन्त्रालय
## भरतपुर अस्पताल
### भवन निर्माण गरी फास्टफुड रेष्टुरेण्ट तथा प्रोभिजनल स्टोर्स संचालन गर्नको लागि कबोल गरिएको दररेट फारम

| सि.न. | आर्थिक वर्ष | मासिक कबोल अंक | | बार्षिक जम्मा | बार्षिक वृद्धिदर प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | | | |
| 1 | आ.ब.७४।०७५ देखि ५ वर्षको लागि सम्म | | | | | |

बोलपत्रसग साथ संलग्न हुनपर्ने कागजात :
१. फर्म कम्पनीको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
२. व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको फोटोकपि
३. धरौटीको हकमा धरौटी खाता दाखिला गरेको बैक भौचर

बोलपत्रदाता फर्म/व्यक्तिको नाम:
प्रो.दस्तखत :
मिति :

Medical Superintendent